## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१२८

आज मिति २०८२/०७/२६ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | [signature] |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | [signature] |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | [signature] |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | [signature] |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | [signature] |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | [signature] |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | [signature] |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | [signature] |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | [signature] |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | [signature] |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री होमनाथ दाहाल | सचिव | [signature] |

[signature]

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १२८ मितिः २०८२/०७/२६

**प्रस्तावहरु**

१. वडा नं.४ को प्रशासकीय भवन निर्माणको लागि जग्गा प्राप्ति सम्बन्धमा।

२. रकम भुक्तानी सम्बन्धमा।

३. विद्युत महसुल भुक्तानी सम्बन्धमा।

४. बाटो सरसफाईको रकम भुक्तानी सम्बन्धमा।

**निर्णय नं. १**

उत्तरगया गाउँपालिका कार्यालयको मिति २०८२/०६/०८ गतेको सूचना तथा ४ नं. वडा कार्यालयको मिति २०८२/०६/२४ गतेको सूचना बमोजिम ४ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माणका लागि जग्गा दाताहरुबाट जग्गा प्राप्तिको लागि दुई पटक सूचना जारी गरिएकोमा ४ नं. वडा कार्यालय अन्तर्गत दर्ता भएको निवेदक श्री विश्वनाथ न्यौपाने(श्री भिमदत्त न्यौपानेको नाती र चित्र प्रसाद न्यौपानेको छोरा) वर्ष ६७ ले आफ्नो नाममा मालपोत कार्यालय, धुन्चे, रसुवा (साविक लहरेपौवा गा.वि.स. वडा नं.४) कर्मिडाँडामा रहेको कित्ता नं.१०७६ र कित्ता नं.१०८२ बाट जग्गा उत्तरगया गाउँपालिका ४ नं. वडा कार्यालयको नाममा राजिनामा गरी पास गरिदिन इच्छुक भएको र उक्त जग्गा प्रशासनिक भवन निर्माणका लागि भौगोलिक, वातावरणीय र प्राविधिक रुपले समेत उपयुक्त भएको भनी सम्बन्धित वडाको वडा समितिको बैठकबाट पनि निर्णय भई आएको र सो जग्गा एकिन गर्नका लागि नापी कार्यालयबाट मिति २०८२/०७/२० गते स्थलगत भ्रमण भई नापी नक्सको काम समेत पूरा भएकोले उक्त जग्गा प्राप्तिका लागि आगामी कार्य अगाडी बढाउनको लागि ४ नं. वडा कार्यालयका वडा सचिव श्री इन्द्र प्रसाद आचार्यलाई प्रतिनिधि तोक्ने निर्णय गरियो।

**निर्णय नं. २**

उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत कृषकहरुलाई संकलित दूधको प्रति लिटर रु.५/- का दरले अनुदान वापतको रकम उपलब्ध गराउदै आएकोमा आ.व.२०८१/०८२ को असार महिनाको विवरण श्री कालिका बहुउदेश्यीय सहकारी संस्थाबाट मिति २०८२/०५/१७ गते प्राप्त भएकोले उक्त महिनाको अनुदान वापतको रकम रु.४७,४२८/-(अक्षेरुपी सच्चालीस हजार चार सय अठ्ठाइस रुपैंया मात्र) उत्पादनमा आधारित अनुदान कार्यक्रम शीर्षकबाट, ढुवानी वापतको रकम रु.२४,०००/-(अक्षेरुपी चौविस हजार रुपैंया मात्र) र वडा नं.५ को विद्युत महसुल वापतको रकम रु.२४०००/-(अक्षेरुपी चौविस हजार रुपैंया मात्र), वडा नं.४ को विद्युत महसुल वापतको रकम

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १२८

मितिः २०८२/०७/२६

रु.८,७७७/-(अक्षेरुपी आठ हजार सात सय सतहत्तर रुपैंया मात्र) गरी रु.५६,७७७/-(अक्षेरुपी छपन्न हजार सात सय सतहत्तर रुपैंया मात्र) कृषि तथा पशु विकास उद्यमशिलता कार्यक्रमको बजार व्यवस्थापन अन्तर्गत दुध ढुवानी तथा विजुली खर्च उपशीर्षकबाट खर्च हुने गरी भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ३

उत्तरगया गाउँपालिका वडा नं.४ मा रहेको श्री नव विजयी महेन्द्र मा.वि.को आ.व.२०८२/०८३ को कात्तिक महिना देखिको विद्युत महसुल वापतको विल बमोजिमको रकम कार्यालय सञ्चालन शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ४

यस गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरुमा सडक सरसफाईको कार्य गरिएको हुँदा प्राविधिकको अन्तिम प्रतिवेदन बमोजिमको रकम उपयुक्त शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।